लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
नयाँ बानेश्वर,काठमाडौं

# प्रेस विज्ञप्ती - १०२
# Press Release-102

मिति:-२०७०/०५/२६ गते ।

**यस लागू औषध नियन्त्रण ब्यूरो तथा मातहत शाखा कार्यालयहरुबाट विभिन्न स्थानबाट निम्न वमोजिम अवैध तथा नियन्त्रित लागूऔषध सहित मानिसहरु पक्राउ गरी आवश्यक अनुसन्धान तथा कारवाही भइरहेको छ।**

**ला.औ.नि.ब्युरोबाट पक्राउ परेको विवरण** :-

(१) मिति २०७०।०५।२१ गते पर्सा जिल्ला, बिरगंज उ.म.पा. १४ श्रीपुर घर भएका वर्ष ५९ को **राम बालक मुखिया**, ऐ.वडा नं. १३ रानीघाट घर भएका बर्ष १८ को सुनिल कुमार शाह र ऐ.ऐ. वडा नं. ५ विर्ता घर भएका वर्ष १८ को किसन कुमार यादव समेतका जना-३ लाई **अवैध लागू औषध खैरो हेरोईन २३० (दुई सय तीस) ग्राम** सहित का.जि.का.म.पा. वडा नं.१४ कलंकी स्थित त्रिशुल आयल पम्प अगाडी सार्वजनिक सडक किनाराबाट पक्राउ गरिएको ।

- निज राम बालक मुखियाले सन् २००३ देखि २००८ सम्म भारतमा लागु औषध अपराध अर्न्तगत जेल सजाय भोगेको तथा विसं २०६५ देखि २०६८ सम्म लागु औषध अपराध अर्न्तगत विरगन्ज कारागारमा सजाय भोगेको ।
- उक्त लागुऔषधको अवैध बजारमुल्य अनुमानित रु ११ लाख ५० हजार रहेको ।

(२) मिति २०७०।०५।२१ गते भारतको रक्सौलबाट काठमाण्डौतर्फ आउदै गरेको **बा.१.ज. ५१७९ नं.को सेतो रङको ट्याक्सी**लाई का.जि.का.म.पा. वडा नं. १४ वल्खु चोक स्थित सार्वजनिक सडकमा रोकी चेकजाँच गर्ने क्रममा सो **ट्याक्सीको अगाडिको दुवै साईडको ढोकाको पेच खोली हेर्दा** ढोकाको भित्री भागमा पत्रिकाले बेरिएको १४ वटा प्याकेट लाम्चो र पाता आकारमा लुकाई राखेको अवस्थामा **नियन्त्रित लागू तथा मनोद्धिपक पदार्थ डाईजेमाम ७०० एम्पुल र बुप्रेनर्फिन-७०० एम्पुल गरी जम्मा १४०० एम्पुल** फेला परेकोले उक्त ट्याक्सीका चालक सर्लाही जिल्ला ढुङग्रेखोला गा.वि.स.वडा नं. २ घर भएका वर्ष ३२ को **खिल बहादुर योञ्जन**, यात्रुहरु सिन्धुपाल्चोक जिल्ला तौथली गा.वि.स.वडा नं.७ घर भएकी वर्ष २३ की **सीता श्रेष्ठ** ऐ.ऐ.जिल्ला ऐ.गा.वि.स.घर भएका वर्ष १८ को **अनिल श्रेष्ठ** र ऐ.ऐ.गा.वि.स.घर भएका वर्ष २० को **सुमन श्रेष्ठ**लाई पक्राउ गरिएको ।

- उल्लेखित अभियुक्तहरु मध्य **सीता श्रेष्ठ र अनिल श्रेष्ठ**लाई यस व्युरोबाट नियन्त्रित लागु तथा मनोद्धिपक पदार्थ डाईजेमाम १८ एम्पुल र बुप्रेनर्फिन १८ एम्पुल गरी जम्मा ३६ एम्पुल सहित मिति २०७०।०२।३० गते पेप्सीकोलाबाट पक्राउ गरी लागुऔषध अपराध अर्न्तगत मुद्धा चलाईएकोमा सम्मानित जिल्ला अदालत काठमाण्डौबाट मिति २०७०।०४।१६ गते **सीता श्रेष्ठ ३० हजार रुपैया धरौटीमा रिहा भएकी तथा अनिल श्रेष्ठ रु ५ हजार धरौटीमा रिहा भएको** ।

**(३)** मिति २०७०।०५।२१ गते खोटाङ्ग जिल्ला राजापानी पनौती गा.वि.स.वडा नं. ७ घर भएका वर्ष १७ को **कृष्ण पाण्डे**लाई **बा.५६ प. १७५८ नं. को रातो रंङ्को स्कुटर** रोकी सँगै रहेको अवस्थामा निजले बोकेको खैरो रंगको नाईलनको झोलामा पुरानो पत्रिकाले बेरी पाता आकारमा बनाई लुकाई राखिएको अवस्थामा **नियन्त्रित लागू तथा मनोद्धिपक पदार्थ डाईजेमाम ९५० एम्पुल**, निजको साथबाट नेपाली रुपैया ७५,०००।- र सिन्धुपाल्चोक जिल्ला तौथली गा.वि.स. वडा नं. ७ घर भएकी वर्ष २३ की **उर्मिला श्रेष्ठ**लाई सोही स्कुटरको सिटमुनीको डिक्कीको भागमा खैरो गुलाबी रंगको नाईलनको झोलामा लुकाई राखिएको अवस्थामा **नियन्त्रित लागू तथा मनोद्धिपक पदार्थ बुपेनर्फिन ९५० एम्पुल गरी जम्मा १९०० एम्पूल** सहित का.जि.का.म.पा. वडा नं. ४ सुकेधाराबाट पक्राउ गरिएको ।

- निज **कृष्ण पाण्डे** विगत केही वर्षदेखि कुख्यात लागु तथा मनोद्धिपक पदार्थ तस्कर **विरेन्द्र कुमार क्षेत्रीको सम्पर्कमा** रही काठमाण्डौमा लागु तथा मनोद्धिपक पदार्थको तस्करमा संलग्न रहदै आएकोमा मिति २०७०।०५।०४ गते यस व्युरोबाट विरेन्द्र कुमार क्षेत्री पक्राउ परेपश्चात भारतीय लागुऔषध तस्करहरुसंग सोझो सम्पर्क बढाई काठमाण्डौमा लागु तथा मनोद्धिपक पदार्थको तस्करीमा संलग्न रहदै आएको ।

- उल्लेखित अभियुक्तहरु मध्य **कृष्ण पाण्डे**लाई यस व्युरोले मिति २०७०।१।११ गते नियन्त्रित लागू तथा मनोद्धिपक पदार्थ डाईजेमाम ४० एम्पुल र बुप्रेनर्फिन-४० एम्पुल गरी जम्मा ८० एम्पुल सहित का.जि.का.म.न.पा ३५ कोटेश्वरबाट पक्राउ गरी ला.औ. अपराधमा मुद्धा चलाएकोमा मिति **२०७०।०३।१० गते** सम्मानित जिल्ला अदालत काठमाण्डौबाट **रु २० हजार धरौटीमा रिहा** भएको र सोहि अनुसार **उर्मिला श्रेष्ठ** यस व्युरोबाट नियन्त्रित लागु तथा मनोद्धिपक पदार्थ डाईजेमाम ४० एम्पुल र बुप्रेनर्फिन ४० एम्पुल गरी जम्मा ८० एम्पुल सहित मिति २०७०।०२।३० गते पेप्सीकोलाबाट पक्राउमा परी लागुऔषध अपराध अर्न्तगत मुद्धा चलाईएकोमा सम्मानित जिल्ला अदालत काठमाण्डौबाट **मिति २०७०।०४।१६ गते २० हजार रुपैया धरौटीमा रिहा** भई हाल मुद्धा कायम रहिरहेको अवस्थामा रहेको ।

- बुदाँ नं. २ र ३ मा उल्लेखित लागु तथा मनोद्धिपक पदार्थको अवैध बजार मुल्य अनुमानित रु. ९ लाख ९० हजार रहेको ।

(४) मिति २०७०।०५।२४ गते का.जि.का.म.न.पा १७ ठमेल क्षेत्रपाटी स्थित मुक्तिनाथ डि कार्गो रहेको भवनको अगाडी सडक किनाराबाट करांची घर भएका **B-6101827 नं. को पाकिस्तानी राहदानी वाहक वर्ष ३८ को SYED MAZHAR HUSSAIN KAZMI** र **रावलपिण्डी घर भएका A-9660058 नं. को पाकिस्तानी राहदानी वाहक वर्ष ५० को SHAHIDA PARVEEN** दुईजना साथै रहेको अवस्थामा **SHAHIDA PARVEEN** को साथबाट कालो रंगको लेडिज ह्याण्ड व्याग भित्र प्लाष्टिकको झोलामा लुकाएको अवस्थामा **१ के.जी. अवैध लागुऔषध सेतो हेरोईन** बरामद गरी दुवैजनालाई पक्राउ गरीएको र निजहरुबाट प्राप्त थप जानकारी अनुसार, सोही मितिमा का.जि.का.म.न.पा २९ लेखनाथमार्ग ठमेलस्थित **B-9392065** नं. को पाकिस्तानी राहदानी वाहक **वर्ष ५६ को ATTA MUHAMMAD SHAH** बसेको पिल्ग्रीम्स होटलको कोठा नं ३०१ बाट निजको खैरो रंगको सुटकेश भित्र प्लाष्टिकको झोलामा लुकाएर राखेको अवस्थामा **अवैध लागुऔषध सेतो हिरोइन ४ के.जी ६४ ग्राम** सहित निजलाई पक्राउ गरीएको ।

- उक्त **५ के.जी ६४** ग्राम सेतो हिरोईनको अवैध बजार मुल्य अनुमानित रु ९ करोड ११ लाख ७० हजार रहेको ।

**नोट :** यति ठुलो परीमाणमा नेपालमा सेतो हिरोईन बरामद भएको यो पहिलो पटक हो । उल्लेखित लागुऔषध तथा मनोद्धिपक पदार्थहरुको अवैध बजार मुल्य अनुमानित कुल रु. ९ करोड ३३ लाख १० हजार रहेको ।

**ला.औ.नि. ब्यूरो., शाखा कार्यालय बिरंगजबाट पक्राउ :-**

(१) मिति २०७०।५।११ गते जि.पर्सा बीरगंज उप-महानगरपालीका-१९ वस्ने अशोक गिरीको साथबाट लागू औषध डाईजेपाम २४, फेनारगन २४, नुरफिन २४ पिस सहित पक्राउ गरिएको ।

(२) मिति २०७०।५।२४ गते जि.तनहुँ तुलेगौडा वस्ने वर्ष २१ को विकास सुनुवारलाई लागू औषध नाईटोभेट ७५ ट्याब्लेट सहित जि.पर्सा बीरगंज उम-महानगरपालीका-१७ मा सवारी चेक जाँच गर्ने क्रममा पक्राउ गरिएको ।

**ला.औ.नि. ब्यूरो., शाखा कार्यालय भैरहवाबाट पक्राउ :-**

(१) मिति २०७०।५।१८ गते जि.काठमाण्डौ का.म.पा.६ वस्ने वर्ष ३० को दनिल भन्ने रविन क्षेत्रीलाई लागू औषध डाईजेपाम ७, लुफिजेसिक ७, नाईट्रोसन २० ट्याब्लेट सहित पक्राउ गरिएको ।

(२) मिति २०७०।५।१८ गते जि.रुपन्देही बु.न.पा.१३ वस्ने वर्ष २३ को धन वहादुर राना र जि.स्याङजा कारीकोट-८ वसने वर्ष २९ दीपेन्द्र श्रेष्ठलाई लागू औषध स्पास्मो प्रोक्सिभन ५६ क्याप्सुल, नाईट्रोसन ३४ ट्याब्लेट, कोरेक्स १०० मि.लि.को.१ बोतल सहित पक्राउ गरिएको ।

(३) मिति २०७०।५।२१ गते जि.चितवन भ.न.पा.१० वस्ने वर्ष २७ को अमृत कडेल, ऐ.ऐ.वस्ने वर्ष २७ को मनोज कडेललाई लागू औषध डाईजेपाम २८ थान, फेनारगन २८ थान, नुफिन २८ थान सहित पक्राउ गरिएको ।

(४) मिति २०७०।५।२३ गते जि.रुपन्देही बु.न.पा.१३ वस्ने वर्ष १८ को जित वहादुर नेपाली र ऐ.ऐ.वस्ने वर्ष २२ को रामदेव चौधरीलाई लागू औषध खैरो हेरोईन २५० मि.ग्रा., नाईट्रोसन २ ट्याब्लेट सहित पक्राउ गरिएको ।



